नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभग

म.नि.- ५५२७८८५
उ.म.नि.- ५५५१८०२
कन्ट्रोल रुम- ५०१००८५
एक्सचेन्ज- ५०१०१०६
५५४२०२३
टोल फ्रि - १६६०-०१-५५०००

हरिहरभवन, पुल्चोक, ललितपुर

प.सं.: ०८१/८२
च.नं.

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग
हरिहरभवन
२०६०

## प्रेस विज्ञप्ति

राजस्व अनुसन्धान विभागवाट कृष्ण स्टोर (स्था.ले.नं. ६००७२०२८५) का प्रोप्राइटर प्रतिवादी सोनु कानु उपर भारतीय कपडा चोरी पैठारी गरी भन्सार महसुल, मूल्य अभिवृद्धि कर र आयकर राजस्व चुहावट गरेको कसुरमा राजस्व अनुसन्धान कार्यालय, ईटहरीमार्फत अनुसन्धान सम्पन्न गरी अभियोगपत्र दायर गरिएको छ।

राजस्व अनुसन्धान कार्यालय, ईटहरीवाट मिति २०८०/०६/०७ गते राजस्व चुहावट गरेको सूचनाको आधारमा कृष्ण स्टोर झापा भद्रपुरमा नियमानुसार खानतलासी गर्दा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेध गरेको कार्य गरी ऐ. ऐनको दफा ४ को खण्ड (क), (ख), (छ), (ज) र (झ) वमोजिमको कसुर गरेको पाइएकोले प्रतिवादी जिल्ला झापा, भद्रपुर न.पा. वडा नं. ०५ वस्ने पन्नालाल कानुको नाति, सुवाशचन्द्र कानुको छोरा, वर्ष ३७ को सोनु कानु (ना.प्र.नं. ०१/४१५७) उपर राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २ को खण्ड (छ१) को उपखण्ड (क), (ख) र (ङ) वमोजिम रु. ७,२९,२३,३३०.४७ (सात करोड उनान्तीस लाख तेईस हजार तीन सय तीस रुपैयाँ सड्चालिस पैसा मात्र) विगो कायम गरी ऐ. ऐनको दफा २३(१) वमोजिम शतप्रतिशत जरिवाना तथा ऐ. ऐनको दफा २३(१)(ग) वमोजिम हदैसम्मको कैद सजाय हुन मागदावी लिई उच्च अदालत, विराटनगर अस्थायी इजलास, इलाममा मिति २०८१/११/०८ गते अभियोगपत्र दायर गरिएको छ।

२०८१/११/०८
प्रवक्ता
उपमहानिर्देशक
कृष्ण कुमारी श्रेष्ठ

CS Scanned with CamScanner